# ठोरी गाउँपालिका अर्थ सम्बन्धी ऐन, २०७७

ठोरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

घ्याङ्गडाँडा, पर्सा

Scanned with CamScanner

# ठोरी गाउँपालिकाका

## ठोरी गाउँपालिकाको अर्थ सम्बन्धी विधेयक २०७७

**प्रस्तावना :**

ठोरी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, गैरकर तथा राजश्व शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ठोरी गाउँपालिकाको गाउँ सभाले **ठोरी गाउँपालिका अर्थ सम्बन्धी ऐन २०७७** पारित गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"ठोरी गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि ठोरी गाउँपालिकामा लागू हुनेछ ।

**२. सम्पति कर :**

गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत) :**

गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर :**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार वहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ंयाफ्टीङ्ग शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) वमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर :**

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. निकासी शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन वा उत्खनन भई निकासी हुने सामग्रीहरुमा अनुसूची (१४) मा उल्लेखित दरमा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१६. नक्सा पास शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वन्ने घर तथा संरचना निर्माणमा अनुसूची (१५) मा उल्लेखित दरमा नक्सा पास शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१७. अन्य शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको पोखरी, तालतलैया, तथा बगैचाहरुमा अनुसूची (१६) मा उल्लेखित दरलाई न्यूनतम अंङ मानी ठेक्का लगाई आम्दानी गर्न सक्नेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१८. अन्य विविध शुल्क :**

गउँपालिकाले सिफारिस प्रमाणित लगायत गर्दा यस ऐनमा छुट हुन गएकाको हकमा अनुसूची (१७) मा उल्लेखित दरलाई न्यूनतम अंङ मानी आम्दानी गर्न सक्नेछ । र सो को शिर्षक विवरण कार्यपालिकाको निर्णय गरी समावेस हुदै गएको मानिने छ ।

**१९. कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची (१)
## सम्पती कर

| क्र.सं. | विवरण | | आ.व. २०७६/०७७ |
|---|---|---|---|
| १ | सम्पती कर | | ० |
| २ | जम्मा | | ० |

नेपाल सरकारले निर्देशन दिएमा वा कानूनद्धारा अनिवार्य गरेमा सोही अवस्थामा कायम गरिए वमोजिम सम्पती कर दररेट निर्धारण गरी लागु गरिनेछ ।

## अनुसूची (२)
## मालपोत

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | मालपोत भुमिकर | जमिन | |
| | | अब्बल प्रति कठ्ठा | १० |
| | | दोयम प्रति कठ्ठा | ८ |
| | | सीम प्रति कठ्ठा | ७ |
| | | चार प्रति कठ्ठा | ५ |
| | | नखुलेको खेति योग्य जमिन | १० |
| | | नखुलेको बञ्जर जमिन | ५ |
| | | बाँझो राखेको खेति योग्य जमिन | १५ |
| | | बजार एरिया र हुलाकी सडकले छोएको | १२ |
| | | घडेरीको जग्गामा प्रति धुर | १५ |
| | | उद्योग भएको जग्गामा प्रतिकठ्ठा | २५ |

नोटःचालू आर्थिक बर्षभित्र कर नबुझाउनेलाई दोस्रो बर्ष जम्मा कर रकममा २५प्रतिशत, तेस्रो बर्षमा ३५ प्रतिशत गरी प्रत्येक थप बर्षमा १० प्रतिशत थप जरिवान लाग्नेछ । तर आ.व. ०७४/०७५ भन्दा अगाडीको मालपोत रकम र जरिवाना साविककै नियम र दररेट अनुसार लाग्नेछ ।



Scanned with CamScanner

## अनुसूची (३)

### वहाल कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | वहाल कर (घर संरचना टहरा जग्गा) | कुल भाडाको १० प्रतिशत | कुल भाडाको १० प्रतिशत |
| | जम्मा | | |

## अनुसूची (४)

### व्यवसाय कर:

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | १५०० |
| | | थोक | २००० |
| | | खुद्रा | १००० |
| २ | हल्का पेय पदार्थ | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ३ | चुरोट बिडी सुर्ती जन्य | वितरक | ५०० |
| | | थोक | ३०० |
| | | खुद्रा | २०० |
| ४ | सुन चाँदी पसल | थोक | २००० |
| | | खुद्रा पसल र मर्मत | १००० |
| ५ | औषधी पसल | थोक | ४००० |
| | | खुद्रा पसल र मर्मत | २००० |
| ६ | माछा मासु बिक्रि पसल | | १००० |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५०० |
| ८ | एग्रोभेट पसल | थोक | २००० |
| | | खुद्रा | ५०० |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १० | छपाई तथा प्रकाशन | अफसेट प्रेस | २००० |
| | | साधारण प्रेस | ५०० |
| ११ | कस्मेटिक पसल | | ५०० |
| १२ | मोटर पाट्स | थोक | २००० |
| | | खुद्रा | १००० |
| १३ | प्लाई तथा ग्लास | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १४ | कपडा/फैन्सी/जुत्ताचप्पल/व्याग पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १५ | धागो /टाँक पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| १६ | ईलेक्ट्रोनिक पसल (मोबाईल, घडी, क्याल्कुलेटर, अडियो, भिडियो आदि ) | थोक | १५०० |
| | | खुद्रा | १००० |
| १७ | हार्डवयेर/मेशिनरी/स्यानिटरी /प्लम्बीङ्ग/मार्बल पसल | थोक | २००० |
| | | खुद्रा | १००० |
| १८ | पेट्रोलिय मपदार्थ | पेट्रोल वा डिजल पम्प | ५००० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | पेट्रोल बिक्रि केन्द्र पेट्रोल र डिजल पम्प | ८००० |
| | | पेट्रोल, डिजल र मटीतेल पम्प | ९००० |
| | | मट्टितेल पम्प | २००० |
| | | ग्यास सिलिन्डर सब डिलर | १००० |
| | | मट्टितेल मात्र बिक्रि | ५०० |
| १९ | स्टिल आलमुनियम पसल | थोक | १५०० |
| | | खुद्रा | ८०० |
| २० | स-मिल | | ५००० |
| २१ | फर्निचर | थोक | ३००० |
| | | खुद्रा | १५०० |
| २२ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्रि वितरण गर्ने | | २००० |
| २३ | कपडा सिलाई केन्द्र | टेलरिङ आधुनिक | १००० |
| | | हाते मेसिन | ३०० |
| २४ | स्नुकर तथा पुल हाउस | | १००० |
| २५ | क्यारेम बोर्ड | | ८०० |
| २६ | पशु आहार बिक्रि केन्द्र | | ५०० |
| २७ | किराना पसल | थोक | २००० |
| | | खुद्रा (सटर) | ९०० |
| | | साना किनारा | ५०० |
| २८ | फलफुल/तरकारी पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २९ | उपहार/गिफ्ट/खेलौनी पसल | थोक | २००० |
| | | खुद्रा | १००० |
| ३० | भाँडा पसल (स्टिल, प्लाष्टिक, आल्मुनियम सबैथरी | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ३१ | माटाको भाँडा पसल | | ५०० |
| ३२ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | २००० |
| | | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | २००० |
| | | कानुनीव्यवसायी ल फर्म | २००० |
| | | लेखापरीक्षण व्यवसायी | १००० |
| | | दन्तचिकित्सक | १००० |
| | | अनुसन्धानकर्ता परामर्श दाता | १००० |
| | | पशु चिकित्सक डाक्टर | ५०० |
| | | रोजगार सेवा | १००० |
| ३३ | ढुवानी तथा ट्रान्सपोर्ट | | १५०० |
| ३४ | पेन्टर/साईनबोर्ड लेख्ने | | ५०० |
| ३५ | जग्गा व्यवसायी | | १००० |
| ३६ | ट्राभल एजेन्सी | | १००० |
| ३७ | ग्रील उद्योग | | १००० |
| ३८ | जुत्ता उद्योग | | १००० |
| ३९ | घरेलु कुटिर उद्योग (टीकी, अगरबत्ती, मैनबत्ती, अचार तथा अन्य कुटिर ) | | ५०० |
| ४० | कपडा तथा गार्मेन्ट उद्योग | | १००० |

गाउँ कार्यपालिकाको कार्यालय ... प्रदेश नं. २, नेपाल २०७४

५५५

५

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ४१ | सिरक डसना उद्योग पसल | | |
| ४२ | कुटानी पेलानी/मिल | | १००० |
| ४३ | मसला मिल | | ५०० |
| ४४ | इट्टा उद्योग | | ५०० |
| ४५ | टायल उद्योग | | १०००० |
| ४६ | सोलार पसल | | १००० |
| ४७ | डेरी उद्योग/व्यवसाय | | ८०० |
| ४८ | उपभोग्य बस्तु उत्पादनउद्योग | | १००० |
| | | कुकिज नुडल्स | १००० |
| | | दालमोट, पाउरोटी, चाउमिन | ८०० |
| | | पापड, चिप्स, फिगर | ५०० |
| ४९ | वनजन्यउद्योग | स मिल प्लाइउड उद्योग | ३००० |
| | | काठ बिक्रि डिपो | ३००० |
| ५० | सुर्तिजन्य उद्योग | साना तथा कुटिर | १००० |
| ५१ | होटल लज रेष्टुरेन्ट | होटल र लज | १००० |
| | | भोजनालय | ५०० |
| | | मिठाइ पसल | ५०० |
| | | पार्टी प्यालेस | २००० |
| | | रेष्टुरेन्ट-बार | २००० |
| | | चिया र खाजा पसल | २०० |
| | | खाजा, नास्ता पसल (मदिरा सहित) | १००० |
| | | खाना, खाजा, नास्ता पसल (मदिरा सहित) | १५०० |
| ५२ | टेन्ट हाउस | | |
| ५३ | संचार | | ५०० |
| | | एफ.एम. प्रसारण | २००० |
| | | केबल च्यानल प्रसारण | २००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १००० |
| | | फोटोकपी, पि.सि.ओ. साइबर तथा क्याफे | ५०० |
| | | कुरियर सेवा | ५०० |
| | | कलर ल्याव/फोटो स्टुडियो | ५०० |
| ५४ | वित्तिय कारोवार | वाणिज्य बैंक प्रति शाखा, केन्द्रिय कार्यालय | ५००० |
| | | विकास बैंक प्रति शाखा, केन्द्रिय कार्यालय | ४००० |
| | | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ३००० |
| | | वित्तीय/ऋण सहकारी संस्था | १५०० |
| | | मनी ट्रान्सफर | ५०० |
| | | बिमा कम्पनी | २००० |
| | | लघुवित्त | १००० |
| ५५ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५०० |
| | | क्लिनिक तथा ल्याव | १५०० |
| ५६ | पशुपन्छी फर्म | दर्ता | १००० |
| | | नविकरण | ५०० |
| ५७ | मासु पसल | | ५०० |

| | | | |
|---|---|---|---|
| ५८ | चस्मा पसल | | ५०० |
| ५९ | शिक्षा सेवा निजी | क्याम्पस | २००० |
| | | मा.वि./उ.मा.वि. | १५०० |
| | | आधारभुत | १००० |
| | | प्राथमिक | ८०० |
| | | छात्रावास | १००० |
| | | मन्टेश्वरी | ८०० |
| | | पूर्व प्राथमिक | १००० |
| | | ट्यूशन सेन्टर | १००० |
| | | कम्प्युटर/नृत्यकला सिकाइ केन्द्र | ५०० |
| | | तलिम तथा अनुसन्धान केन्द्र | १००० |
| ६० | मर्मत सम्भार | टायर-टयुब मर्मत, रिसोलिङ्ग, हावा भर्ने | ३०० |
| | | इन्जिन मर्मत | ५०० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | ५०० |
| | | टि.भि., फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी, जेनेरेटर, कम्प्युटर, मोबाइल | ५०० |
| | | मोटरसाईकल मर्मत | ५०० |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन | १००० |
| ६१ | ड्राइ क्लिनिक, व्यूटी पार्लर तथा सैलुन | | ५०० |
| ६२ | सुर्तिजन्य पदार्थ निकासी | प्रति के.जि. | १ |
| ६३ | फुल बिरुवा पसल | | ५०० |
| ६४ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ३०० |
| | | अन्तराष्ट्रिय | ५०० |
| ६५ | रासायनिक मल बिक्री वितरण | | १००० |
| ६६ | रासायनिक मल बिक्री वितरण इजाजत तथा नविकरण | | १००० |
| ६७ | किटनाशक विषदी विक्री | | ५०० |

## अनुसूची (५)

### जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर:

| क्र.सं. | विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|
| १ | | 0 |

## अनुसूची (६)

### सवारी साधन कर:

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | सवारी साधन दर्ता शुल्क | सानो, ठुलो, हेवि | ० |
| २ | पटके सवारी कर | सानो, ठुलो हेवि | ५,१०,२० |

गौरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ... पर्सा प्रदेश नं. २, नेपाल २०७४



Scanned with CamScanner

## अनुसूची (७)
### विज्ञापन कर:

| क्र.सं. | विवरण | विस्तृत विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक कर: | २०० प्रति स्क्वायर |
| | | सार्वजनिक स्थानमा विद्युतिय विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक कर | ३०० प्रति स्क्वायर |

## अनुसूची (८)
### मनोरञ्जन कर

| क्र.सं. | विवरण | | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | मेला लगाउने | प्रतिदिन | ५०० |

एक दिन भन्दा वढी मेला लगाउनेको हकमा वढावढद्धारा तय हुनेछ

## अनुसूची (९)
### बहाल बिटौरी शुल्क:

| क्र.सं. | विवरण | | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | हाटबजार कर | प्रत्येक पसल प्रति दिन | २० |
| २ | बहाल बिटौली कर | टहरो छाप्रो मासिक | २०० |
| | | घुम्ती मासिक | २०० |
| | | ठेला मासिक | १०० |

## अनुसूची (१०)
### पार्किङ शुल्क

| क्र.सं. | विवरण | | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | मोटरसाईक | | ५ |
| २ | लाईट गाडी | | १० |
| ३ | हेभी गाडी | | २० |

## अनुसूची (११)
### ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर ऱ्याफ्टीङ्ग शुल्क:

| क्र.सं. | विवरण | | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | | | ० |

## अनुसूची (१२)
### सेवा शुल्क, दस्तुर:

| क्र.सं. | विवरण | | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारिस | १० कठ्ठा सम्म | १०० |
| | | १० देखि २० कठ्ठा सम्म | २०० |
| | | २० कठ्ठा देखि माथि | ५०० |
| २ | मोही लगत कट्टा सिफारिस | एका संगोलको मोही कट्टा सिफारिस | २०० |
| | | अन्य मोही कट्टा सिफारिस | ५०० |
| ३ | अन्य लगत कट्टा सिफारिस | | १०० |
| ४ | मोही नामसारी | | ३०० |
| ५ | घरवास जग्गाको सिफारिस | | २०० |
| ६ | घर कायम सिफारिस | १० कठ्ठा भन्दा सम्मको | २०० |
| ७ | घर कायम सिफारिस | १० कठ्ठा भन्दा माथिको | ४०० |

गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
छ्याङ्डाँडा, पर्सा
प्रदेश नं. २, नेपाल
२०७४



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ८ | सरजमिन मुचुल्का सिफारिस दस्तुर | साधारण | २०० |
| | | उद्योग वाव्यवसाय प्रयोजन | १५०० |
| | | ईट्टा भट्टाको लागि | २५००० |
| ९ | छात्रवृति सिफारिस | निशुल्क | ० |
| १० | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | निशुल्क | ० |
| ११ | अपाङ्गता भएको सिफारिस | निशुल्क | ० |
| १२ | अस्थायी बसोबास सिफारिस | | १०० |
| १३ | स्थायी बसोबास सिफारिस | | १०० |
| १४ | नागरिकता तथा प्रतिलिपी सिफारिस | वंशज/जन्म | ५० |
| | | अंगिकृत | १०० |
| १५ | नागरिकता संशोधन सिफारिस | | १०० |
| १६ | विद्युत मिटर जडान सिफारिस | | १०० |
| १७ | कृषि विद्युत मिटर जडान सिफारिस | | २०० |
| १८ | धारा जडान सिफारिस | | १०० |
| १९ | जीवित रहेको सिफारिस | | १०० |
| २० | दुवै नाम गरेको व्यक्ति एक हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | | १०० |
| २१ | व्यवसाय बन्द सिफारिस | | १०० |
| २२ | व्यवसाय संचालन नभएको सिफारिस | | १०० |
| २३ | व्यापार व्यवसाय नभएको सिफारिस | | १०० |
| २४ | कोर्ट फी मिनाहा सिफारिस | | ० |
| २५ | नाबालक परिचयपत्र सिफारिस | | १०० |
| २६ | चौपाया सम्बन्धि सिफारिस | | १०० |
| २७ | आदिवासी/जनजाती/मधेशी/दलित/पिछडा वर्ग भएको सिफारिस | | १०० |
| २८ | विपन्नता सिफारिस | | ० |
| २९ | विदेश अध्ययनको लागि जग्गा मूल्याङ्कन | मुल्यनङ्कनको प्रतिशत | ०.०५ |
| ३० | कपाली तमसुक प्रमाणित गर्नुपर्ने भएमा | | ४०० |
| ३१ | घर पाताल भएको प्रमाणित | | १०० |
| ३२ | जग्गा धनी पुर्जामा घर कायम सिफारिस | | २५० |
| ३३ | जग्ग धनी पुर्जा हराएको सिफारिस | | २०० |
| ३४ | कित्ता काटको सिफारिस | | १०० |
| ३५ | जिवित संगको नाता प्रमाणित | | १०० |
| ३६ | हकवाला हकदार सिफारिस | | १०० |
| ३७ | जिवित रहेको सिफारिस | | २०० |
| ३८ | नीजि विध्यालय खोल्ने सिफारिस | | ५००० |
| ३९ | नीजि विध्यालयमा कक्षा थप सिफारिस | | २००० |
| ४० | पलन पोषण सिफारिस | | ० |
| ४१ | अपुताली सिफारिस | | १००० |
| ४२ | व्यक्तीगत घटना दर्ता | जन्म दर्ता | ३५ दिन भित्र निशुल्क, ५ वर्ष भित्र रु ५०, |
| | | विवाह दर्ता | |
| | | वसाइसराई | |

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याटडाँडा, पर्सा प्रदेश नं. २, नेपाल २०७४

५५५

| | | | |
|---|---|---|---|
| | | मृत्यु दर्ता<br>सम्वन्ध विच्छेद | ५ वर्ष पछी रु १०० |
| ४३ | व्यक्तीगत घटना दर्ता संसोधन | | २०० |
| ४४ | व्यवसाय दर्ता नविकरण | १ लाख सम्मको | १०० |
| | | ५ लाख सम्मको | २०० |
| | | २० लाख सम्मको | ५०० |
| | | ५० लाख सम्मको | १००० |
| | | ५० लाख भन्दा माथीको | २००० |
| ४५ | घ वर्गा निर्माण व्यावसायी दर्ता नविकरण | | २००० |
| ४६ | जन्म मिति प्रमाणित | | १०० |
| ४७ | मिलापत्र निवेदन दस्तुर | | १०० |
| ४८ | विवाहिता वा अविवाहिता प्रमाणित | | १०० |
| ४९ | स्वस्थ्य उपचार सिफारिस | | १०० |
| ५० | अग्रजी माध्यम सिफारिस | | निशुल्क |
| ५१ | दुबै नाम एकै व्यत्तीको हो भन्ने सिफारिस | | २०० |
| ५२ | जन्ममिति संसोधन सिफरिस | | १०० |
| ५३ | कागज वा मञ्जुरीनामा प्रमाणित | | २०० |
| ५४ | संरक्षक प्रमाणित | | १०० |
| ५५ | जग्गाको हक सम्बन्धी सिफारिस | | १०० |
| ५६ | उद्योग वा व्यावसाय ठाउसारी | | १०० |
| ५७ | उजुरी वा मुद्धा दायर दस्तुर | | ५०० |
| ५८ | नया पेट्रोलियम पम्प राख्ने सिफारिस | | १०० |
| ५९ | गै. स. स. दर्ता तथा नविकरण सिंफारिस | | १०००० |
| ६० | कृषि वाली तथा पशु पन्छी क्षति दावी विमा सिफारीस | | २०० |
| ६१ | जग्गा नाम जाँच दस्तुर | प्रति पटक / प्रति कित्ता | १०० |
| ६२ | अन्य सिफारिस | | ५०० |
| | | | १०० |

**अनुसूची (१३)**
**पर्यटन शुल्क**

| क्र.सं. | विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|
| १ | | ० |

**अनुसूची (१४)**
**निकासी कर**

| क्र.सं. | विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|
| १ | पकेको ईटा निकासी | प्रतिईटा १० पैसा |
| २ | काचो ईटा निकासी | प्रतिईटा ५ पैसा |
| | मटो निकासी | प्रति घमि १० रुपया |
| | वालुवा निकासी | प्रति घमि १५ रुपया |
| | रोडा निकासी | प्रति घमि २० रुपया |
| | ग्राभेल निकासी | प्रति घमि १५ रुपया |

गौरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... प्रदेश नं. २, नेपाल २०७४



५५७

Scanned with CamScanner

## अनुसूची (१५)
### नक्सापास तथा अभिलेखीकरण दस्तुर

| क्र.सं. | विवरण | आ.व. २०७७/०७८ |
|---|---|---|
| १ | फुसको घर( टाटी माटोको) | १०० |
| २ | काचो ईटा र माटो जाडाई | १५० |
| ३ | पाको ईटा र माटो जोडाई जस्ता वा टायल वा खपटा छाना | २०० |
| ४ | काठको घर जस्ता वा टायल वा खपटा छाना | रु ५०० |
| ५ | पाको ईटा र माटो जोडाई डि.पि.सि. छाना | रु १ प्रति स्क्वयर फिट |
| ६ | पाको ईटा, सिमेन्ट जोडाई जस्ता वा टायल वा खपटा छाना | रु १.५० प्रतिस्क्वयर फिट |
| ७ | पाको ईटा र सिमेण्ट जोडाई डि.पि.सि. छाना | रु २ प्रति स्क्वयर फिट |
| ८ | पाको ईटा र सिमेण्ट जोडाई पिलर सिष्टम आर. सि. सि. भुई तला | रु ३ प्रति स्क्वयर फिट |
| ९ | पाको ईटा र सिमेण्ट जोडाई पिलर सिष्टम आर. सि. सि. पहिलो तला | रु ४ प्रति स्क्वयर फिट |
| १० | पाको ईटा र सिमेण्ट जोडाई पिलर सिष्टम आर. सि. सि. दोश्रो तला | रु ५ प्रति स्क्वयर फिट |
| ११ | व्यवसायिक भवन वा हाउजिङ भुई तला | रु ५ प्रति स्क्वयर फिट |
| १२ | व्यवसायिक भवन वा हाउजिङ पहिलो तला | रु ७ प्रति स्क्वयर फिट |
| १३ | तला वढदा प्रत्येकमा प्रति स्क्वायर फिट रु २ वढ्दै जानेछ | |
| १४ | नक्सा पास किताब दस्तुर (क्रस ५,६,७,८ र ९ को लागि मात्र) | रु ५०० |

स्थानीय सुकार सन्चालन ऐन २०७४ जारि भए पछि नक्सा पास नगरी वनाईएको संरचनाको नक्सा पास गर्दा तोकिएको शुल्कमा १५ प्रतिशत थप दस्तुर लाग्नेछ ।

## अनुसूची (१६)
### अन्य आम्दानी

| क्र.सं. | विवरण | | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | माछा पोखरी ठेक्का | | रु ३ प्रति स्क्वयर मिटर |

माछा पोखरी जस्ता विषयमा ठेक्का लागाउदा वढवढावट वाट वढी कवोल गर्नेलाई दिने व्यवस्था मिलाइने छ

## अनुसूची (१७)
### अन्य विविध आम्दानी

| क्र.सं. | विवरण | | आ.व. २०७७/०७८ |
|---|---|---|---|
| १ | विविध आम्दांनी (शिर्षक नखुलेका सिफारिस/प्रमाणित) | | १०० |

**प्रमाणित गर्ने**

हस्ताक्षर ..................

नामः- पदमलाल श्रेष्ठ

पदः- अध्यक्ष, ठोरी गाउँपालिका

प्रमाणित मितिः- २०७७ श्रावण १४ गते बुधवार

प्रमाणित कानून पाना (पेज) सख्यः- ११ (एघार)

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... पर्सा प्रदेश नं. २ नेपाल २०७४



Scanned with CamScanner